# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज २१ गते ०३१ साल

श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

## सूचना

**पहाडी क्षेत्र कृषि विकास समिति (गठन) आदेश, २०३१**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "पहाडी क्षेत्र कृषि विकास समिति (गठन) आदेश, २०३१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत पहाडी क्षेत्र कृषि विकास परियोजना सम्झनुपर्छ ।

३. समितिको गठनः–(१) पहाडी क्षेत्र कृषि विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायको अध्यक्ष र सदस्यहरू रहनेछन्:–

(क) सचिव, खाद्य, कृषि तथा सिचाइ मन्त्रालय– अध्यक्ष
(ख) प्रतिनिधि, वन मन्त्रालय– सदस्य
(ग) प्रतिनिधि, अर्थ मन्त्रालय– सदस्य
(घ) महानिर्देशक, कृषि विभाग– सदस्य
(ङ) महानिर्देशक, खाद्य तथा कृषि बजार सेवा विभाग– सदस्य
(च) महानिर्देशक, सिचाइ तथा जलवायु विज्ञान विभाग– सदस्य
(छ) प्रतिनिधि, दुर्गम क्षेत्र एवं स्थानीय विकास विभाग– सदस्य
(ज) परियोजना प्रमुख, पहाडी क्षेत्र कृषि विकास परियोजना– सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ ।

(४) अध्यक्ष र सदस्य–सचिवको अतिरिक्त तीन जना सदस्यसम्म उपस्थित भएमा समितिको गणपुरक संख्या पूरा भएको मानिनेछ ।

(५) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन पाउनेछ ।

(६) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत, विदेशी सल्लाहकार वा विशेषज्ञ समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित रहन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः– (१) पहाडी क्षेत्र कृषि विकास परियोजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परियोजना कार्यान्वित गर्न समितिले निम्नलिखित कामहरू गर्नेछः–

(क) श्री ५ को सरकार र संयुक्त राष्ट्रसंघ, यू. एन्. डी. पी. को बीच पहाडी क्षेत्रमा कृषि विकास परियोजना सञ्चालन गर्न भएको सम्झौताबमोजिमको काम गर्ने,

(ख) परियोजनाको नीति निर्धारित गर्ने र कार्यान्वयनमा रेखदेख पुऱ्याउने,

(ग) आवश्यक भए घर जग्गा जमीन किन्ने र वहालमा लिने,

(घ) परियोजना सञ्चालन गर्न मालसामान मगाउने,

(ङ) परियोजना कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने

७९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. <u>समितिको कोष र आर्थिक कारोवारः–</u> (१) समितिको कार्य सञ्चालनको लागि एउटा कोष हुनेछ जसमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकार र संयुक्त राष्ट्र संघ, यू. एन्. डी. पी. का बीचमा भएको सम्झौताबमोजिम प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ।

(३) समितिले बनाएको नियममा तोकिएबमोजिम समितिको आय–व्ययको लेखा राखिनेछ।

६. <u>लेखापरीक्षणः–</u> (१) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ।

(२) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाव किताव जाँच्न, जचाउन सक्नेछ।

७. <u>अधिकार प्रत्यायोजन गर्न सकिनेः–</u> समितिले आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उप-समिति वा सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

८. <u>समितिको कार्य व्यवस्थाः–</u> (१) सदस्य–सचिवले समितिको निर्देशानुसार समितिको तर्फबाट समितिको ठेक्का–पट्टासम्बन्धी सबै काम गर्नेछ र त्यसरी गरिएका ठेक्का पट्टा समितिले गरेको मानिनेछ।

(२) सदस्य–सचिवले समितिको दैनिक कार्य सञ्चालन स्तरको सबै काम गर्नेछ र समितिको निर्णय वा आदेशहरू प्रमाणित गर्नेछ।

९. <u>श्री ५ को सरकारसंग सम्पर्कः–</u> समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा खाद्य, कृषि तथा सिचाइ मन्त्रालयमार्फत सम्पर्क राख्नुपर्छ।

१०. <u>नियमहरू बनाउन सक्नेः–</u> समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाइएका नियमहरूमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

११. <u>समितिको कार्यालयः–</u> समितिको कार्यालय काठमाडौंमा रहनेछ।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।